सभाका अध्यक्षज्यू

कार्यपालिकाका सदस्यज्यूहरु

सभाका सदस्यज्यूहरु ।

कावासोती नगरपालिकाको यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त खुसी लागेको छ ।

नेपाली जनताको संघर्ष र लोकतान्त्रिक आन्दोलनका माध्यमवाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना संगसंगै स्थानीय सरकारको विजारोपणका लागि बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु । नेपाली सभ्यता, नेपाली समाज र नेपाल राष्ट्रलाई यहाँसम्म ल्याईपुर्याउने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानको मूल मर्म तथा नेपाली जनताको भावना अनुरुप संघीयता कार्यान्वयनको शिलशिलामा कावासोती नगरपालिकाले आफूलाई बलियो स्थानीय तहको रुपमा स्थापित गर्ने दिशामा द्रुत गतिमा अघी बढीरहेको छ । यस कार्यमा सकारात्मक सहयोग गर्नुहुने सम्पूर्णप्रति आभार व्यक्त गर्दै आगामि दिनहरुमा गहिरो साथ र सहयोगको अपेक्षा राख्दछु ।

स्थानीय तहमा लामो समयसम्म जनप्रतिनिधीहरु नहुदाँ लोकतन्त्रको अभ्यास हुन सकेन । लोकतन्त्र भनेको विधीको शासन हो । लोकतन्त्रलाई मजबुत बनाउन सर्वप्रथम स्थानीय सरकार बलियो हुनुपर्दछ । सेवा प्रवाहलाई सँस्थागत गर्ने,

विधीको शासन स्थापित गर्ने, नागरिकले पाउने सेवा तथा विकास व्यवस्थापनलाई सरल, सहज, प्रभावकारी र प्रविधीमैत्री बनाउने कार्य गर्दै कावासोती नगरपालिकालाई बलियो स्थानीय सरकारका रुपमा उभ्याउन हामीले गहन प्रयास गरेका छौँ ।

सीमित श्रोतसाधनका विचमा असिमित आवश्यकताहरुलाई सम्बोधन गर्नुपर्ने बाध्यता र जननिर्वाचित स्थानीय सरकारसँग नगरवासीको उच्च अपेक्षा हामीविच रहेको छ । विकासको सम्भाव्यतालाई फराकिलो पार्दै र विकासको जग बलियो बनाउदै समृद्ध नेपाल सुखी नेपाली को यात्रातर्फ हामी अनवरत रुपमा लागिरहेका छौँ ।

सर्वप्रथम म चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक क्षेत्रः**

१. न्यून जनशक्ति र कम स्रोतका विचमा आर्थिक क्षेत्रमा यस वर्ष लिईएका अधिकाशं नीतिहरु कार्यान्वयनको दिशामा सकारात्मक रुपले अगाडी वढिरहेका छन ।

२. यस आ.व. मा तयार गरि लागु गर्ने भनिएको भू उपयोग योजना शहरी विकास मन्त्रालयको सहयोगमा निर्माण भै हस्तारण भै आएको छ । उक्त योजना आगामी आ.व. देखि लागु गर्नेतर्फ अगाडी बढिनेछ ।

३. यस वर्ष तीनवटा वडामा कृषि पकेट क्षेत्र तोकी सञ्चालन गरिएका कार्यक्रमहरु कृषकहरुको सहकार्यमा कार्य अगाडी वढेको छ । जसबाट पकेट क्षेत्रमा कृषि सिँचाई तथा उपकरणको व्यवस्थापन गरिएको छ । संघीय सरकारको सशर्त अनुदानमा फलफूलचोकस्थित कृषि उपज संकलन केन्द्रको स्तरोन्नती गर्ने कार्य गरिएको छ ।

४. कृषि तथा पशुपालनका क्षेत्रमा तालिम, अनुदानमा आधारित कार्यक्रम, खोप तथा मल, विउ वितरण लगायत कार्यक्रमहरु सञ्चालन भएका छन ।

५. पर्यटनका क्षेत्रलाई लक्षित गरि समुदाय संगको सहकार्यमा आदिवासी जनजाती थारु संग्रहालयको स्तरोन्नती गरिएको छ । प्रदेश सरकार संगको समन्वयमा होमस्टे स्तरोन्नतीका कार्यहरु गरिएको छ । वडा नं ७,१० र १७ मा गरि ३ वटा नयाँ होमस्टे दर्ता भएका छन् । प्रदेश सरकार र नगरपालिकाको सहकार्यमा वडा नं १० मा १३ वटा होमस्टे घर निर्माण सम्पन्न भएको छ ।

६. नगरपालिकाको वडा नं. १ स्थित लोकाहा क्षेत्रमा औद्योगिक ग्राम स्थापनाका लागी प्रदेश सरकार संगको सहकार्यलाई निरन्तरता दिईएको छ ।

आधारभूत सर्भेको कार्य सम्पन्न भै सकेको छ भने आगामी आ.व.मा ग्राम स्थापनाका लागि प्रदेश सरकारसँग समन्वय गरि कार्य अघि बढाईनेछ ।

७. सहकारी क्षेत्रको विकासका लागि क्षमता विकासका तालिम, अध्ययन अवलोकन भ्रमण, सहकारी दिवस, आवश्यक उपकरण प्रदान लगायतका कार्यहरु गरिएको छ । जसवाट नगरक्षेत्रमा रहेका २८ सहकारीमा आवद्ध करिव ५००० सेयर सदस्य लाभान्वित भएका छन । करिव २ हजार जनाको उपस्थितिमा सहकारी दिवस मनाईएको छ ।

**<u>सामाजिक विकासः</u>**

८. विद्यालय बाहिर भएका वालवालिकाको तथ्याकं संकलन तथा उनीहरुलाई विद्यालय सम्म पुर्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन ।

९. यस आ.व.मा एस.ई.ई. परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायिक र निजी विद्यालयका छात्र छात्रालाई मेयर उत्कृष्ट छात्र-छात्रा पुरस्कारद्वारा सम्मान गरिएको छ ।

१०. मुसहर समुदायवाट यस वर्ष एस.ई.ई. उर्तिण ७ जना विद्यार्थीहरुलाई विभिन्न ३ वटा शैक्षिक सँस्थामा निःशुल्क उच्च शिक्षा अध्ययनको व्यवस्था मिलाईएको छ । जसबाट उच्च शिक्षा अध्ययनमा विपन्न वर्गको पहुँच स्थापित भएको विश्वास गरिएको छ ।

११. नगरपालिका भित्र बिभिन्न वडामा ४ वटा नगर स्तरीय खेल मैदान निर्माण कार्य शुरु गरिएको छ । खेल क्षेत्रको प्रबर्धनका लागि कावासोती २ मा कवर्ड हलको स्तरोन्नतीको कार्य गरिएको छ ।

१२. सबै वडाको टिमहरुको सहभागितामा मेयर कप फुटवल प्रतियोगिता सम्पन्न भै सकेको छ भने खेलकुद मार्फत जैविक विविधता र वातावरण संरक्षण क्षेत्रमा टेवा पुर्याउन आयोजित जटायु कप क्रिकेट प्रतियोगिता सम्पन्न

भएको छ । यसबाट खेल क्षेत्रमा सक्रियता बढेको तथा खेलाडी उत्पादनमा टेवा पुगेको विश्वास गरिएको छ ।

१३. वालमैत्री नगरपालिका निर्माणको आधारको रुपमा बालमैत्री विद्यालय घोषणाका लागि विद्यालयका प्रधानाध्यापकहरुलाई अभिमुखीकरण गरि प्रतिवद्ध गराईएको छ ।

१४. वालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत अभिमुखिकरण, बालमैत्री स्थानीय शासन समिति गठन, बालक्लवहरु गठन र सुचक अनुगमनका कार्यहरु सञ्चालन भएका छन् । चालु आ.व. को जेठ मसान्तसम्म बालमैत्री स्थानीय शासन समिती १७ स्थानमा, विद्यालय स्तरीय बालक्लव ६३ वटा, समुदायस्तरीय बालक्लव ७९ वटा, वडा स्तरीय वाल सञ्जाल १७ वटा, टोल विकास सँस्था २०८ वटा गठन भई अभिमुखीकरण कार्यक्रम गरिएको छ । यसबाट बालमैत्री नगरपालिका घोषणाका लागि थप टेवा पुगेको छ ।

१५. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनका लागि चालु आ.व.मा भौतिक सुधार तर्फ कावासोती स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर निर्माण, अग्यौली स्वास्थ्य चौकीको स्तरोन्नती, स्वास्थ्य सँस्थाहरुमा विधुतीय हाजिरी र विधुतीय पूर्वाधार व्यवस्थापन गरिएको छ ।

१६. वडा नं १२ पिठौली स्वास्थ्य चौकीको भवन निर्माण कार्य संघीय सरकारमार्फत थालनी गरिएको छ । स्वास्थ्य क्षेत्रतर्फको अन्य कार्यक्रमहरुमा पूर्ण खोप सुनिश्चितता, वृहत  पोषण क्षमता अभिवृद्धि कार्यक्रम, डेंगु लार्भा नष्ट कार्यक्रम, स्वास्थ्य शिविरहरु र स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१७. आर्थिक वर्ष ०७५/७६ को जेठ मसान्त सम्म स्वास्थ्य सँस्थाबाट करिव १८,००० विरामीले बहिरगं सेवा लिएका छन् ।करिव ७०० जनाले प्रसुति तथा आमास्वास्थ्य सँग सम्बन्धित सेवा लिएका छन् । आयुर्वेद सेवा केन्द्रबाट ५,५८० (पाँच हजार पाँच सय असी) जना व्यक्तिहरुले सेवा लिएका छन् ।

१८. मध्यविन्दु सामुदायिक अस्पताललाई जिल्ला अस्पताल बनाउन गरिएका प्रयासहरु सार्थक भएका छन । फलस्वरुप २०७५ फागुन २८ गते देखि मध्यविन्दू सामुदायिक अस्पताल जिल्ला अस्पतालमा रुपान्तरण भएको छ ।

१९. सवै नगरवासीमा शुद्ध खानेपानीको सेवा उपलव्ध गराउने कार्यदिशामा नगरपालिका अगाडी वढीरहेको छ । यस वर्ष वडा नं. ४ स्थित हसौरा चिलाहा खानेपानी आयोजनामा पाईप लाईन विस्तार गरि डिप बोरिङ्ग सञ्चालन गरिएको छ । वडा नं ४ कै नागखोल्सी खानेपानी आयोजनाको ट्याङ्की निर्माण कार्य यसै वर्ष सम्पन्न भएको छ । वडा नं. १३ को खानेपानी टंकीको छत ढलान गरिएको छ । संघीय सरकारको विशेष अनुदान र कावासोती खानेपानी तथा सरसफाई संस्थाको सहकार्यमा वडा नं. ३ स्थित जिल्ला सदरमुकाम रहने स्थानमा खानेपानीको ओभरहेड टंकी निर्माण कार्य प्रारम्भ भएको छ । वडा नं १५ को बाघखोरमा अति विपन्न समुदायका २१२ घरधुरीलाई शुद्ध खानेपानीको व्यवस्था गरिएको छ ।

२०. सामाजिक सुरक्षा भत्ता बैकं खातामार्फत भुक्तानी हुने व्यवस्था मिलाईएको छ । सामाजिक सुरक्षा तर्फ यस आर्थिक वर्षमा विभिन्न शिर्षकमा गरि जम्मा ५,८६३ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन । सामाजिक सुरक्षामा जम्मा ९ करोड ८२ लाख ८७ हजार रुपैँया खर्च भएको छ ।

२१. लक्षित वर्गको क्षमता विकासका लागि सबै वडा कार्यालयहरु मार्फत विभिन्न क्रियाकलापहरु सञ्चालन भई सो वाट करिव ८,५०० नगरवासी लाभान्वित भएका छन । साथै नगरपालिकाद्धारा सञ्चालित व्यवसायिक तालिमबाट गत वर्ष १३० जना र यस वर्ष ११४ जना गरि जम्मा २ सय ४४ जना सि.टि.ई.भि.टी. मापदण्डको सीपयुक्त जनशक्ति उत्पादन भएका छन् । उत्पादित जनशक्ति सम्बन्धित सिपमूलक रोजगारिमा संलग्न रहेको पाईएकाले कार्यक्रम प्रभावकारी देखिएको छ ।

२२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन भएको छ । महिलाहरुका लागि नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रम, अन्य सिपमुलक तालिमहरु, महिला पुरुष समविकास लगायतका कार्यक्रम सञ्चालन गरिएको छ । महिला तथा बालबालिका शाखाबाट सञ्चालित कार्यक्रमहरुबाट १ हजार भन्दा बढी महिला प्रत्यक्ष लाभान्वित भएका छन् ।

२३. अपाङ्गता भएका विद्यार्थीहरु तथा व्यक्तिहरुका लागि सहायक सामाग्री वितरणको कार्य गरिएको छ । बहिरा विद्यार्थीहरुका लागि सांकेतिक भाषा तालिम तथा एच.आई.भि. प्रभावित बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रम यसैवर्ष सञ्चालन भएका छन् ।

२४. सुरक्षित आप्रवासन सम्बन्धमा विभिन्न सरकारी - गैर सरकारी तथा सामुदायिक सँस्थाहरुसँग सहकार्य गरि कार्यक्रमहरु सञ्चालन गरिएको छ । सुरक्षित आप्रवासन परियोजना (सामी) को सहकार्यमा ६ हजार भन्दा बढी व्यक्तीहरुलाई वैदेशिक रोजगारी सम्बन्धमा परामर्श प्रदान गर्नुका साथै २०० भन्दा बढीलाई प्रशिक्षण समेत गरिएको छ । यसबाट बैदेशिक रोजगारिसँग सम्बन्धित धेरै नगरवासीहरु लाभान्वित भएका छन् ।

२५. संघ तथा प्रदेश सरकारसँगको समन्वयमा शैक्षिक स्तरोन्नतीको क्षेत्रमा विविध कार्यक्रमहरु सञ्चालन गरिएको छ । राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ भने अन्तराष्ट्रिय योग दिवस मनाईएको छ । विद्यालयहरुको भौतिक स्तरोन्नतीका लागि ४ कोठे भवन निर्माण, विज्ञान प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन लगातयका कार्यहरु भएका छन् । शिव मा.वि. कावासोती २ तथा सरस्वती मा.वि. कावासोती ४ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण कार्य सञ्चालन गरिएको छ ।

## पूर्वाधार विकासः

२६. पूर्वाधार विकास तर्फ ८ दशमलव ५ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ भने १३ किलोमिटर सडक ग्राभेल गरिएको छ। बाटो मर्मत तर्फ ५ किलोमिटर ग्राभल र ४ किलोमिटर पीच सडक मर्मत गरिएको छ।

२७. यस आर्थिक वर्षमा नगरपालिकामा ८ दशमलव ५ किलोमिटर नाला निर्माण सम्पन्न गरिएको छ। साथै १५ वटा कल्भट ४ वटा डिप वोरिग १६७ मिटर सिँचाई नहर तथा १४ मिटर सिँचाई बाँध व्यवस्थापन गरिएको छ। उज्यालो कावासोती कार्यक्रम अन्तर्गत ४४ स्थानमा सोलार वत्ती र विभिन्न स्थानमा विधुतीकरणको कार्य गरिएको छ।

२८. वडा नं ४ र ५ मा केरुङ्गे खोलाको दुवैतर्फ तटबन्धन गरि ६०० मिटर करिडोर निर्माणको कार्य यसै वर्ष भएको छ। प्रदेश सरकारको समन्वयमा नगरपालिकास्थित अन्य खोलाहरुमा तटबन्धनको कार्य भएको छ।

२९. मानव वन्यजन्तु द्वन्द्व कावासोती नगरवासीको जीउ ज्यान तथा बालिनालिका लागि निकै ठूलो समस्याको रुपमा रहेको छ। यस्तो समस्या न्यूनीकरणको लागि नगरपालिकाले सुरुदेखिनै प्राथमिकताका साथ कार्य गरिरहेको छ। जसअनुसार यस आर्थिक वर्षमा नगरपालिकाको वडा नं ११, १२, १३, ७, १०, १५ र १७ मा करिव १ किलोमिटर मेसजाली सहितको आर.सि.सि. पर्खाल निर्माण कार्य सम्पन्न भईसकेको छ भने आगामि वर्षका लागि करिव ८ किलोमिटर सोहि किसिमको पर्खाल निर्माणका लागि ठेक्का प्रक्रिया सम्पन्न भई कार्य प्रारम्भ भएको छ।

३०. अति विपन्न परिवारलाई बसोवासको व्यवस्था गर्न हामीले गत वर्ष देखि नै विपन्न मुसहर आवास कार्यक्रम सञ्चालन गरेका छौँ। तराई मधेस समृद्धि कार्यक्रमलाई समेत विपन्न आवास निर्माणको कार्यमा जोडेका छौँ भने तराई भु परिधी कार्यक्रमसँग सहकार्य गरिएको छ। यस वर्ष विपन्न मुसहरका

लागि जम्मा ३२ वटा घर निर्माण गर्ने कार्य सम्पन्न भएको छ । प्रदेश सरकारसँगको समन्वयमा विपन्न समुदायका लागि वडा नं १६ मा २० वटा घर निर्माण कार्य यसै वर्ष सुरु गरिएको छ ।

३१. यस आर्थिक वर्षको जेठ मसान्तसम्म भवन निर्माण तर्फ नक्सा पासका लागि ३१० निवेदन दर्ता भएका छन् । जसमध्य प्रथम चरणको ईजाजत लिएका २४१, सुपर स्ट्रक्चर ईजाजत लिएका १७३ छन भने २० जनाले निर्माण सम्पन्न लिएका छन् ।

३२. विकास योजना सञ्चालनका लागि ठेक्का व्यवस्थापन कार्यमा नगरपालिकामा विधुतीय खरिद प्रणाली लाई अधिकतमरुपमा अवलम्बन गरिएको छ । यसबाट ठेक्का प्रक्रिया थप प्रतिस्पर्धात्मक र पारदर्शी हुनुका साथै विकास लागत समेत न्यूनीकरण भएको छ ।

३३. गत वर्ष देखि निर्माण सुरु गरिएको भ्यू टावर निर्माण कार्यले यस वर्ष पनि निरन्तरता पाएको छ । भ्यू टावर निर्माण आगामि वर्ष सम्पन्न हुने लक्ष्य राखिएको छ । उक्त कार्यबाट वडा नं १ बालुवाडाँडामा पर्यटन प्रवर्धन मार्फत आर्थिक गतिविधी सञ्चालन हुने अपेक्षा गरिएको छ ।

३४. वन्यजन्तुको चोरिशिकारी नियन्त्रण गर्न जिरो पोचिङ्ग अभियान सञ्चालन गरिएको छ । यसैगरि पर्यटन प्रवर्धनका लागि अखेटोपहार म्यूजियम निर्माण कार्य सुरु गरिएको छ । वडा नं १७ मा साँस्कृतिक भवन निर्माण गरिएको छ । वडा नं १५ स्थित गुन्द्रही ढकाह मध्यवर्ती सामुदायिक वनभित्र रहेको घाँसेमैदानलाई व्यवस्थित गरिएको छ भने जटायु रेष्टुरेण्टमा भौतिक स्तरोन्नतीको कार्य गरिएको छ ।

३५. वातावरणीय संरक्षण तथा पर्यटन पूर्वाधारका लागि नगरपालिकाका विभिन्न स्थानमा पार्क निर्माण कार्य अघि बढाईएको छ । यस वर्ष वडा नं ३ स्थित पुरानो कावासोतीमा प्रदेश सरकारको समन्वयमा पार्क, वडा नं ४ हसौरा हाइटको पिकनिक स्पोर्टमा पार्क, वडा नं ५ मा बालपार्क र मध्यविन्दु अस्पतालमा पार्क निर्माण तथा स्तरोन्नतीको कार्य गरिएको छ ।

३६. वडा नं ९ र १५ मा वडा कार्यालय निर्माण कार्य अन्तिम चरणमा रहेको छ । विषयगत शाखाहरुलाई नगरपालिकाको कार्यालय परिसरभित्रै व्यवस्थापन गरिएको छ । जसबाट सेवा प्रवाहमा सहजता हुनुका साथै नगरपालिकाको चालु आर्थिक दायित्व न्यूनीकरण भएको छ ।

३७. नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम कावासोती नगरपालिकामा समेत सुरुवात गरिएको छ । जसअन्तर्गत रोजगार सेवा केन्द्रको स्थापना गरि बेरोजगार व्यक्तिहरुको निवेदन संकलन कार्य गरिएको छ । नगरपालिका भरि करिब २ हजार एक सय जना व्यक्तिहरुले निवेदन दिनुभएको छ । यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि केन्द्रिय सरकारबाट प्राप्त ४२ लाख रुपैयाबाट रोजगारमूलक कार्यक्रम सुरुवात गरिएको छ । उक्त बजेट कामका लागि पारिश्रमिक कार्यविधीको आधारमा कार्यान्वयनमा लगिएको छ ।

३८. सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धमा नगर तथा वडास्तरमा विभिन्न कार्यक्रमहरु भएका छन् । बजार क्षेत्रको फोहर संकलन तथा व्यवस्थापन कार्य सञ्चालनमा रहेको छ । वडास्तरबाट प्लाष्टिकमुक्त अभियान सुरु भएको छ ।

३९. नगरस्तरमा दीगो रुपमा फोहरमैला व्यवस्थापनका लागि भौतिक संरचना निर्माणको कार्य सम्पन्न गरिएको छ । कुहिने फोहरमैलालाई अर्गानिक मल बनाउने तथा अन्य फोहर पुनः प्रयोग गर्न मिल्ने बनाउन लागि मेसिनरि उपकरण व्यवस्थापन कार्य अन्तिम चरणमा रहेको छ । फोहर व्यवस्थापन केन्द्रसम्म प्रदेश सरकारसँगको समन्वयमा विद्युत प्रसारण लाईन व्यवस्थापन गरिएको छ । आगामि आर्थिक वर्षको सुरुवातदेखि नै दिगो रुपमा फोहर व्यवस्थापन कार्य सुरु गर्ने गरि तयारी गरिएको छ । फोहरमैला व्यवस्थापन कार्य देशकै नमुना कार्यको रुपमा अघि बढाउन सकिने सम्भावना रहेको विश्वास लिईएको छ ।

४०. कावासोती नगरपालिकास्थित पूर्व पश्चिम लोकमार्गको सरसफाई र सहरी सुन्दरता अभिवृद्धि गर्ने उद्देश्यका साथ नगर उप प्रमुख कावासोती वचाउ अभियान सञ्चालन गरिएको छ । यसबाट सडक दाँया बाँया सफाई र व्यापारिक तथा निर्माण सामाग्री हटाउने कार्य गरिएको छ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

४१. यस वर्ष विभिन्न ११ वटा नीतिगत तथा कानुनी दस्तावेजहरु निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ । शिक्षा कार्यविधी २०७५, कृषि समूह दर्ता तथा सञ्चालन कार्यविधी २०७५, नदिजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधी २०७५, व्यवसाय कर नियमन तथा व्यवस्थापन कार्यविधी २०७५, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७५, भवन निर्माण अनुमति प्रक्रियाको कार्यविधी २०७५, अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७५, सुरक्षित आप्रवासन सेवा प्रदायक सँस्था छनोट सम्बन्धी कार्यविधी २०७६, अपाङ्गता परिचयपत्र वितरण कार्यविधी २०७६ निर्माण गरिएको छ । यसैगरि शिक्षा नीति २०७५ र बालमैत्री शासन सम्बन्धी रणनीति २०७५ पनि यसै आर्थिक वर्षभित्र निर्माण भई कार्यान्वयनमा ल्याईएको छ ।

४२. सबै वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी व्यवस्था गरिएको छ । नगरपालिकाद्वारा सञ्चालित कार्यक्रमहरु स्थानीयस्तरका सञ्चारमाध्यमबाट निरन्तर प्रसारण हुने व्यवस्था मिलाईएको छ । सँस्थागत क्षमता विकासका लागि सार्वजनिक सुनुवाई, सामाजिक

परिक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण,सेवा प्रवाहको मापदण्ड निर्धारणको कार्य सम्पन्न गरिएको छ ।

४३. यस वर्ष नगरपालिकामा १६ जना थप कर्मचारी करारमा व्यवस्थापन गरिएको छ । जसमध्य ५ जना नगर प्रहरी, ४ जना सव-ईन्जिनियर, २ जना कम्प्यूटर अपरेटर, २ जना कार्यालय सहयोगी, १ जना कुचिकार, १ जना सवारी चालक र १ जना फायरमेन थप भएका छन् । १७ वटै वडाको व्यवस्थापन तथा सरसफाईका लागि १-१ जना कर्मचारी व्यवस्था गरिएको छ ।

४४. नयाँ कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिएको छ । नगर प्रहरीहरुलाई जिल्ला प्रहरी कार्यालयको समन्वयमा १५ दिने आधारभूत तालिम प्रदान गरिएको छ । वडा सचिवहरुका लागि अनलाईन प्रणालीमा आधारित सामाजिक सुरक्षा, घटना दर्ता, कर संकलन तथा कार्यालय व्यवस्थापन र सेवा प्रवाह सम्बन्धी तालिमहरु सञ्चालन गरिएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको समन्वयमा विद्युतीय खरिद सम्बन्धि तालिम सम्पन्न भएको छ ।

४५. नेपालको संविधान अनुसार कर्मचारि समायोजन सम्बन्धी कार्य संघीय सरकारबाट भएको छ । सोहिअनुसार कावासोती नगरपालिकामा स्थानीय सेवाबाट १३ जना कर्मचारी समायोजन भएका छन् । नगरपालिकामा कार्यरत १४ जना कर्मचारी अन्यत्र समायोजन भएका छन भने अन्यत्रबाट ११ जना कर्मचारी समायोजन भई आएका छन् । समायोजन पश्चात रिक्त दरवन्दी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखीपठाए अनुसार लोक सेवा आयोगबाट पदपूर्तीका लागि विज्ञापन भएको छ । जसमध्य यस नगरपालिकाका लागि अधिकृतस्तर तथा सहायकस्तर गरि विभिन्न पदमा बढुवा बाहेक २४ जनाको विज्ञापन भएको छ । यसबाट आगामि आर्थिक वर्षमा कर्मचारी व्यवस्थापन भई सेवा प्रवाहमा थप सहजता र प्रभावकारीता हुने अपेक्षा गरिएको छ ।

४६. राजश्वको दायरा विस्तारमा जोड दिईएको छ । सम्पति करका सम्बन्धमा नगरवासीको पृष्ठपोषणलाई सम्मान गर्दै सम्पति करको दर पुनरावलोकन गरिएको छ । व्यवसाय दर्ता सम्बन्धी कार्यलाई व्यवस्थापन गर्न कार्यविधी बनाई लागु गरिएको छ । लामो समयदेखि नगरपालिकाको करको दायरामा आउन नसकेको हाटबजार तथा एकादशी मेलालाई करको दायरामा ल्याईएको छ ।

४७. नदिजन्य पदार्थको व्यवस्थापन मार्फत संकलन हुने राजश्व गत आ.व. को तुलनामा यस आ.व. मा ३२२ प्रतिशतले वृद्धि भएको छ । विज्ञापन कर संकलनतर्फ समेत गत आर्थिक वर्षको तुलनामा १५ गुणा बढी रकममा ठेक्का व्यवस्थापन भएको छ । सहभागितामूलक कर प्रणालीका लागि व्यवसायीहरुसँग छलफल कार्यक्रमसमेत गरिएको छ ।

४८. फजुल खर्च न्यूनीकरणका लागि सुरु गरिएको प्लाष्टिक खादा र मायाको चिनो निषेध कार्यक्रम प्रभावकारी देखिएको छ । यस्तो कार्यक्रमलाई आगामि आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

४९. महालेखा परिक्षकको कार्यालयद्वारा अन्तिम लेखापरिक्षणको क्रममा औँल्याईएका बेरुजु फछ्र्यौटका लागि प्रमाण जुटाउने तथा नियमित गर्ने कार्य गरि सम्परिक्षणको लागि पठाईएको छ । लेखा प्रणालीलाई थप व्यवस्थित र सरलीकृत गर्दै आगामि दिनमा बेरुजु न्यूनीकरण गर्नेतर्फ जोड दिईनेछ ।

५०. न्यायिक समितिमार्फत मेलमिलापको कार्यमा थप प्रभावकारिता आएको छ । मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता विकास सम्बन्धमा यथेष्ठ कार्यक्रमहरु सञ्चालन भएका छन् । मेलमिलाप कार्यसम्पादनलाई सहज बनाउन ईजलासको ढाँचामा कार्यालय व्यवस्थापन गरिएको छ । यस वर्ष जेठसम्मको तथ्याङ्कलाई आधार लिदाँ १९५ उजुरी दर्ता हुन आएकोमा ९१ वटा मेलमिलाप भईसकेको, ९९ वटा प्रक्रियामा रहेको छ भने ८ वटा मेलमिलाप हुन नसकी अन्य प्रक्रियामा गएको छ ।

**अब म <u>आगामि आ.व. ०७६/७७ का लागि</u> नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## <u>आर्थिक विकासः</u>

१. गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धताका लागि बजार अनुगमन कार्यलाई थप सघनता प्रदान गरिनेछ । यस कार्यमा अन्य सरोकारवाला सँस्थाहरुसँग समेत समन्वय गरिनेछ ।

२. कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ । कृषि पकेटका कार्यक्रम सञ्चालित क्षेत्रमा प्रदेश सरकार तथा संघीय सरकारसँगको समन्वयमा वृहत लगानीका लागि पहल गरिनेछ । वडा नं ७ र १३ मा माछा पकेट क्षेत्र स्थापना गरि कार्य अघि बढाईनेछ । महको उत्पादन तथा बजारीकरणको प्रवर्धन गरि मह उत्पादक किसानहरुलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादनको बजारीकरणका लागि सहकारी सँस्थाहरुमार्फत व्यवस्थापन कार्य सुरु गरिनेछ ।

३. व्यवसायिक र रोजगारमूलक कृषि व्यवसायको प्रवर्धन गरिनेछ । कृषिमा जलवायु अनुकुलन अवधारणालाई आत्मसात गरिनेछ । कृषि मल,वीउ, उपकरण तथा प्रविधी साझेदारीमा कृषकसँग हातेमालो गरिनेछ । अर्गानिक कृषि उपज प्रमाणीकरण प्रयोगशाला निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

४. समृद्ध कावासोती निर्माणका लागि सहकारी क्षेत्रलाई विकासको समानान्तर सहयात्रीको रुपमा अघी बढाईनेछ । एक घर एक सदस्य, एक गाँउ एक सहकारी र एक सहकारी एक उत्पादनको मान्यतालाई आत्मसात गरि कार्यक्रम अघी बढाईनेछ । साथै सहकारी र सरकार सँगसँगै भन्ने मान्यतामा आधारित रहि विकास व्यवस्थापन र टिकाउका लागि सहकारीहरुसँग समन्वय गर्ने नीति नगरपालिकाले अवलम्बन गर्नेछ ।

५. सहकारीहरुमा बीउ पुँजी कोषको व्यवस्थापन गरि व्यवसाय प्रवर्धन गर्न प्रोत्साहन गर्ने कार्य यसै वर्षदेखि थालनी गरिनेछ । एउटै उद्देश्यबाट सञ्चालित एकै प्रकारका सहकारीहरु एक आपसमा गाभिन चाहेमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६. सेवा प्रवाहमा नीजि क्षेत्रको उपस्थितिलाई प्रोत्साहन गर्न आवश्यक कार्य गरिनेछ । नीजि क्षेत्रबाट उद्योग, पर्यटन, कृषि तथा पशुपालन जस्ता क्षेत्रमा भएको लगानीलाई प्रोत्साहन हुने गरि स्थानीय सरकारका कार्यक्रमहरु व्यवसायमैत्री बनाईनेछ । मूल बजार क्षेत्रको रुपमा रहेको राजमार्ग दाँया बाँयाको सहरी सुन्दरता प्रवर्धनका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ ।

७. जैविक विविधता संरक्षणको लागि पानीका श्रोत तथा तालहरुको संरक्षण गरिनेछ । पोखरी ताल¸गैडा ताल टरुवा ताल¸ राजमन्दिर ताल तथा अन्य ताल पोखरीहरुको संरक्षण कार्यमा प्रदेश सरकारसँग समन्वय गरिनेछ । प्राकृतिको श्रोतको संरक्षण मार्फत वातावरण संवर्धन र पर्यटन प्रवर्धनमा जोड दिईनेछ ।

**पूर्वाधार विकासः**

८. विकास योजना सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ । समपुरक कोषको व्यवस्थापन गरि संघ तथा प्रदेश सरकारसँग ठूला पूर्वाधारको योजनामा सहकार्य गरिनेछ ।

९. सहकारिता समन्वय र सहअस्तित्वको मूल मर्ममा आधारित भई नेपालका तीन तहका सरकारहरु सञ्चालन भईराखेका छन् । यसै सन्दर्भमा नगरपालिकाबाट कार्यान्वयन हुने तथा अन्य सरकारहरुसँगको सहकार्यमा सञ्चालन हुन योजना बैंक निर्माण गरिनेछ । दीगो विकासको सिद्धान्तमा आधारित भई आवधिक योजना निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमका सन्दर्भमा पूर्वाधार विकासका कार्यक्रममा न्यूनतम ८०/२० लागत साझेदारी सिद्धान्त अवलम्बन

गरिनेछ । सामुहिकरुपमा फाईदा हुने अन्य योजनामा पनि ८०/२० लागत साझेदारीमा कार्यक्रम गरिनेछ । प्रत्यक्षरुपमा व्यक्तिलाई फाईदा पुग्ने (वीउ विजन वितरण, औजार उपकरण वितरण.. ) जस्ता योजनाहरु ५० प्रतिशत अनुदानमा सञ्चालन हुनेछन् । अति विपन्न समुदायमा सञ्चालित योजनामा लागत सहभागिता गरिने छैन । जिन्सी तथा श्रम सहभागितालाई पनि योजना कार्यान्वयनमा प्रोत्साहन गरिनेछ । यसबाट विकास योजनामा नगरवासीको अपनत्व अभिवृद्धी भई विकास योजना टीकाउ हुने विश्वास गरिएको छ ।

११. नवलपुरको सदरमुकाम देशकै नमुना बनाउने महान उद्देश्यका साथ जग्गा प्राप्ति सम्बन्धी कार्य सम्पन्न भई सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओली बाट शिलान्यास समेत भईसकेको छ । उक्त स्थानमा एकिकृत सेवा प्रवाह केन्द्र निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरि कार्य गरिनेछ ।

१२. केरुङ्गे खोला तथा नगरपालिकाभित्रका अन्य नदि,खोलाहरुको व्यवस्थित तटबन्धन गरि नदि नियन्त्रण र वस्ती संरक्षणको कार्य गरिनेछ । नारायणी नदि तटबन्धनका सम्बन्धमा प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

१३. प्रदेश सरकार मार्फत आगामी वर्ष विभिन्न सडक, पुल, खानेपानी, सिँचाई लगायतका क्षेत्रमा विकास योजना सञ्चालन हुदैछन । कावासोती नगर क्षेत्रभित्र जुनसुकै निकायबाट हुने विकास निर्माण र सकारात्मक परिवर्तनका लागि कावासोती नगरपालिकाले सधै समन्वयकारी र सहजकर्ताको भुमिका निर्वाह गर्नेछ ।

**<u>सामाजिक विकासः</u>**

१४. गत वर्ष देखि सुरुवात गरिएको मुसहर समुदायका विद्यार्थीका लागि निशुल्क उच्च शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । अति विपन्न

समुदायका विद्यार्थीहरुलाई आर्थिक अभावकै कारण शिक्षाबाट वञ्चित हुने अवस्था सृजना हुन दिईने छैन ।

१५. बालमैत्री नगरपालिका निर्माणको दिशामा कावासोती नगरपालिका सुरुवाति दिन देखिनै लागिरहेको छ । बालमैत्री नगरपालिका निर्माणका सुचकमा केन्द्रित रहि यस वर्ष योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । बालमैत्री सिकाई, बालमैत्री व्यवहार, बालमैत्री समाज निर्माण गर्दै बालमैत्री स्थानीय शासनलाई मूर्तरुप दिने दिशामा नगरपालिकाका गतिविधीहरुलाई परिलक्षित गरिनेछ ।

१६. बालश्रम न्यूनीकरणका लागि अनुगमन तथा पुनर्स्थापना कार्यलाई निरन्तरता दिईनेछ । सडक बालबालिका तथा अभिभावक विहिन बालबालिकाका लागि निःशुल्क शिक्षाको व्यवस्था तथा शैक्षिक सामग्री प्रोत्साहन गरिनेछ ।

१७. स्वास्थ्य सेवा प्रदायक सँस्थाहरुको स्तरोन्नतीका कार्यहरु सञ्चालनमा ल्याईनेछ । स्वास्थ्य सँस्थाहरुमा औषधी अभाव हुन दिईने छैन । बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित गर्दै लगिने छ साथै सँस्थागत प्रसुति सेवाको गुणस्तरमा अभिवृद्धि गरिनेछ । पूर्ण खोपको दिगोपनाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । मृगौला रोगिहरुको उपचार तथा सर्पदंशको उपचारको व्यवस्थापनका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१८. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि स्वास्थ्य क्षेत्रका स्थानीय सुचकहरु निर्माण गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरि स्वास्थ्य क्षेत्रको तथ्याङ्क संकलन कार्य गरिनेछ । संकलित तथ्याङ्क विश्लेषण गरि योजना तथा कार्यक्रम तर्जुमाको व्यवस्था मिलाईनेछ । आधारभुत स्वास्थ्य सुविधाका लागि जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम तथा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१९. महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन र आमा स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०. प्राकृतिक उपचार तथा आयुर्वेदिक उपचार पद्दतीलाई प्रोत्साहन गरिनेछ । आयुर्वेद सेवा केन्द्रमा औषधीको अभाव हुन दिईने छैन । सेवा केन्द्रबाट निःशुल्क वितरण हुदै आएको औषधीको दायरालाई वृद्धी गरिनेछ साथै सेवाकेन्द्रको स्तरोन्नतीमा ध्यान दिईनेछ । नीजि क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा व्यवसायको अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

२१. रक्तदान जीवनदान भन्ने विगतदेखी भनिदै आएको भनाईले रगतको महत्व पुष्टी गर्दछ ।हाम्रो क्षेत्रमा विरामीलाई रगतको अभाव हुन नदिन ब्लड बैंक स्थापना गर्न रेडक्रस सँग सहकार्य गरिनेछ ।

२२. थारु जातिमा बंशाणुगत रुपमा देखापरेको रोगको विरुद्ध जनचेतना कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२३. युवाहरु देशका खम्बा हुन् । युवाहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरि रोजगारिमा संलग्न हुने व्यवस्था मिलाईनेछ । युवाहरुमा बढ्दो दुर्व्यसनी रोक्न सचेतनामूलक कार्यक्रम तथा सकारात्मक सौँच विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । यस कार्यमा सुरक्षा निकाय तथा अन्य सँघ सँस्थाको समन्वयमा सबै वडामा अभियानका रुपमा सञ्चालन गरिनेछ ।

२४. कावासोती नगरपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मीक, बहुसाँस्कृतिक विशेषतायुक्त रहेको छ । विविधतामा एकता यस नगरपालिकाको मात्र नभई समग्र नेपालकै विशेषता हो । यस्तो सामाजिक सम्पतिको संरक्षण, संवर्धन तथा प्रवर्धन गर्न नगरपालिकाले विशेष ध्यान पुर्याउनेछ ।

२५. यस आर्थिक वर्षमा नगरपालिका तथा वडास्तरमा विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन गरिएको छ । खेलकुदको माध्यमबाट स्वस्थ जनशक्तिको उत्पादन हुनुका साथै सामाजिक एकता र राष्ट्रिय भावनासमेत बलियो हुने हुन्छ । आगामि वर्षमा समेत खेलकुदका कार्यक्रमहरुलाई

निरन्तरता दिईनेछ । नवलपुर जिल्लास्तरीय वृहत खेलकुद कार्यक्रमको सुरुवातका लागि अन्य स्थानीय तहहरुसँग समन्वय गरिनेछ ।

२६. भाषा, साहित्य, कला र सँस्कृति समाजको प्रतिबिम्ब हो । यस वर्ष गण्डकी प्रदेश स्तरीय साहित्यिक कार्यक्रम सम्पन्न गरिएको छ । कला, साहित्यको संरक्षण र प्रवर्धनका लागि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । नगरपालिकाभित्र रहेका विभिन्न संग्रहालयहरुको स्तरोन्नती गरिनेछ ।

२७. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अभियान सञ्चालन गरिनेछ । हिंसामा परेका व्यक्तिहरुको उद्दार, संरक्षण, न्यायिक उपचार, पुनर्स्थापना र पारीवारिक पुनर्मिलनको व्यवस्था मिलाईनेछ । छुवाछुत, विभेद, सामाजिक कुरिति र अन्धविश्वास विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

२८. फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि सिपमुलक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । सबै सरकारी कार्यालयहरु निर्माण गर्दा अनिवार्यरुपमा अपाङ्गमैत्री हुनुपर्ने मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको जनजीवन सहज बनाउन सहायक सामग्री वितरण लगायतका कार्यहरुमा सरोकारवाला संघ-संस्थासँग समन्वय गरि कार्य गरिनेछ ।

२९. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक पूर्वाधार प्रवर्धन, शिक्षक प्रशिक्षण कार्यक्रम, विद्यालयहरुको व्यवस्थापकिय क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । विद्यालयहरुलाई शिक्षणसिकाई कार्यमा सुचना तथा सञ्चार प्रविधीको प्रयोगमा जोड दिईनेछ । आधारभुत तहका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

३०. शैक्षिक सँस्थाहरुको नियमन कार्यलाई थप सघनता प्रदान गर्दै प्रभावकारी बनाईनेछ ।

३१. यस वर्ष वडा नं १७ मा २ वटा विद्यालयहरु गाभिएका छन् । गाभिएको विद्यालयमा मन्टेश्वरी विधीबाट पठनपाठन समेत सुरु गरिएको छ । आवश्यकता र उपयुक्तताको आधारमा विद्यालयहरुलाई गाभ्ने कार्य आगामि वर्ष अगाडी बढाईनेछ । एक आपसमा गाभिएका विद्यालयहरुका लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापनः**

३२. विपदबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तथा पुनर्स्थापना र राहतसम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउन विपद् व्यवस्थापन समितिलाई वडास्तरसम्म विस्तार गरिनेछ । वडाहरुमा विपद् व्यवस्थापनका आधारभूत उपकरण तथा औजारहरु व्यवस्थापन गर्दै लगिनेछ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि अन्य सरकारी एवं गैर सरकारी संघ सँस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

३३. विपद विरुद्ध उद्दार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा प्रभावकारीताका लागि द्रुत समन्वय र सम्बोधन गर्न सम्बद्ध सबै पक्षसँग समन्वय गरिनेछ ।

३४. पर्यापर्यटन संरक्षण तथा वातावरणीय स्वच्छताका लागि सामुदायिक वनहरुसँग सहकार्य गरिनेछ । वृक्षारोपण, भु संरक्षण, उद्यान व्यवस्थापन, जडिवुटि खेती,सिमसार तथा घाँसे मैदान व्यवस्थापन जस्ता कार्यहरु सामुदायिक वनहरुसँगको सहकार्यमा गरिनेछ ।

३५. नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ । नगरपालिकाको श्रोत नक्सांकन तथा विधुतीय नक्सा व्यवस्थापनका संघीय सरकारको सहयोगमा गर्न समन्वय गरिनेछ ।

३६. सुकुम्बासी समस्या समाधानका लागि सुरु गरिएको तथ्याङ्क संकलन सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ । संकलित तथ्याङ्क विद्युतीय

प्रविधीमा प्रविष्ट गर्ने कार्य गरिनेछ । सुकुम्बासी समस्या समाधानका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**<u>सँस्थागत विकास सेवा प्रवाह् र सुशासनः</u>**

३७. सेवा प्रवाहका लागि न्यूनतम जनशक्ति अभाव हुन नदिई नागरिकमैत्री सेवामा जोड दिईनेछ । सेवा प्रवाहमा अधिकतमरुपमा विधुतीय प्रविधी तथा सूचना प्रविधीको प्रयोग गरिनेछ । नगरपालिकाबाट नगरवासीले पाउने सेवा सरल, व्यवस्थित र प्रतिफलमूलक बनाउन कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता विकासमा पर्याप्त ध्यान दिईनेछ ।

३८. योजना कार्यान्वयन कार्यलाई थप व्यवस्थित र छरितो बनाईनेछ । योजना कार्यान्वयन तालिका निर्माण गरि योजना सम्झौता, अनुगमन र फरफारक कार्य समयतालिका अनुसार हुने व्यवस्था मिलाईनेछ । योजना कार्यान्वयनका क्रममा योजनाहरु टुक्राउने तथा रकमान्तर गर्ने प्रवृतिलाई हदैसम्म निरुत्साहित गरिनेछ ।

३९. करको दर तथा दायरा सम्बन्धमा नगरवासीको सामर्थ्य र प्रत्यक्ष हितलाई आत्मसात गरि दायरा विस्तारमा थप जोड दिईनेछ । राजश्व संकलन तथा व्यवस्थापनमा विधुतीय प्रविधीलाई सबै वडामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४०. नगरवासीहरुले आफ्ना गुनासा, असन्तुष्टी, असहजता र पृष्ठपोषण सहज रुपमा राख्न सक्ने गरि नगरपालिकाको वेभसाईट अध्यावधीक गरिनेछ । प्राप्त गुनासाहरुको तत्कालै सम्बोधन गर्ने व्यवस्था मिलाईनेछ ।

४१. भुकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी चेतना अभिवृद्धि तथा तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ । विगतदेखी घर निर्माण कार्यमा संलग्न डकर्मीहरुलाई भुकम्प प्रतिरोधात्मक घर निर्माण तालिम दिई घर निर्माण अनुमतिपत्र प्रदान गरिनेछ ।

४२. नगरपालिकाका गतिविधी तथा अन्य विषयहरुमा आम नागरिक सुशुचित हुने व्यवस्था मिलाउन स्थानीय सञ्चारमाध्यमहरुसँग सहकार्य गरिनेछ । समाजको समग्र सकारात्मक परिवर्तनका लागि सञ्चार कार्यक्रमहरु उत्पादन तथा प्रसारणमा सञ्चारमाध्यमहरुलाई प्रोत्साहित गरिनेछ ।

४३. वडा कार्यालयहरुलाई सेवाग्राहीमैत्री बनाउन आधारभूत विकासमा ध्यान दिईनेछ । सेवाग्राही प्रतिक्षास्थल, फ्रि वाईफाई, चमेनागृह, स्वस्थ खानेपानी लगायतका सेवाहरु व्यवस्थित गर्दै लगिनेछ ।

४४. न्यायिक समितिको कार्यसम्पादनलाई थप चुस्त दुरुस्त बनाईनेछ । समितिमा प्राप्त उजुरी तथा न्यायिक समितिबाट भएको कामकारवाहीलाई विधुतीय प्रणालीमा अध्यावधिक गरिनेछ ।

४५. नगर प्रहरीहरुको प्राविधीक कौशल अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरि थप दक्ष बनाईनेछ । शहरी व्यवस्थापन, घर नक्सा नियमन, प्राकृतिक श्रोतको संरक्षण लगायतका कार्यमा नगर प्रहरी परिचालन गरि व्यवस्थित गरिनेछ । आवश्यकता र सँस्थागत क्षमताका आधारमा नगर प्रहरीको संगठन व्यवस्थापन गरिनेछ ।

४६. नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । नगरपालिका तथा वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको तलब सुविधा न्यूनतमरुपमा श्रम ऐनको प्रतिकूल नहुने गरि व्यवस्था गरिनेछ ।

४७. प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीहरुको प्रोत्साहनमा ध्यान दिईनेछ ।

**सभाका सदस्यज्यूहरु,**

४८. नगरवासीको विकासको आकांक्षा र अपेक्षा, नगरपालिकाको आर्थिक सक्षमता तथा सर्वपक्षिय आवश्यकतासमेतका आधारमा यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

४९. प्रस्तावित नीति तथा कार्यक्रमलाई सबैले आत्मसात गरि प्रतिवद्धताका साथ कार्यान्वयन गरेमा अवश्य पनि कावासोती नगरपालिकाको विकाशले सकारात्मक फड्को मार्नेछ भन्ने विश्वास लिएको छु ।

५०. यी नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको छु ।

अन्तमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सँस्थागत गर्न लोकतन्त्रको लाभहरुको प्रभावकारी वितरणमार्फत समृद्ध नेपाल निर्माणतर्फको यात्रामा साथ दिनुहुने जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, बुद्धीजिवी, समाजसेवी, नागरिक समाज, गैर सरकारी, नीजि तथा सहकारी क्षेत्र, सञ्चार जगत लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**